सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको

PROACTIVE DISCLUSURE

अवधि :आ.व. २०८२/८३ को चौथो त्रैमासिक(२०८३ बैशाख १ देखि २०८३ असार मसान्त सम्म)



कोशी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

**स्वास्थ्य कार्यालयतेह्रथुम**

**म्याङ्लुङ,तेह्रथुम**

## १ स्वास्थ्य कार्यालय तेह्रथुमको सामान्य परिचय

स्वास्थ्य प्रणालीलाई शुद्दृढ गर्न संघिय संरचनाको ढाँचा अनुसार हाल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले केन्द्रमा, स्वास्थ्य मन्त्रालयले प्रदेश स्तरमा र स्वास्थ्य शाखाले स्थानीय तहमा स्वास्थ्य सम्वन्धि कार्यको भूमिका निर्वाह गरिरहेको छ । प्रदेश सरकार स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय अन्तर्गत रहेको यो कार्यालय जनस्वास्थ्य क्षेत्रको जिल्लास्थित कार्यालयहरु मध्ये प्रमुख प्राविधिक र प्रशासनिक कार्यालय हो । यस कार्यालयले स्थानीय संस्थाहरुलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न सहजीकरण गरिरहेको छ । कोशी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय अन्तर्गत प्रदेश स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य तालिम केन्द्र, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, १४ वटा अस्पतालहरु, १४ वटा स्वास्थ्य कार्यालयहरु, १४ वटा आयुर्वेद औषधालय/स्वास्थ्य केन्द्रहरु गरी ४६ वटा कार्यालयहरु रहेका छन् । सो मध्ये स्वास्थ्य कार्यालय तेह्रथुम पनि यिनै ४६ कार्यालयहरु मध्ये एक हो । हाल तेह्रथुम जिल्लामा जिल्ला अस्पताल तेह्रथुम, स्वास्थ्य कार्यालय तेह्रथुम, ६ वटा स्थानीय तह अन्तर्गतका ६ वटा स्वास्थ्य शाखाहरुले स्थानीय स्तरमा स्वास्थ्य सेवा प्रदान गरिरहेका छन् । यी समग्र स्वास्थ्य सम्बन्धी कार्य गर्ने निकायहरुमा स्वास्थ्य कार्यालयबाट प्राविधिक सहयोग गर्ने कार्य भइरहेको छ । नेपालको संविधानले संघीय संरचना अनुसार प्रदान गरेको अधिकार क्षेत्र अन्तर्गत रही तेह्रथुम जिल्ला अन्तर्गतका सबै स्थानीय तहहरु : म्याङ्लुङ्ग नगरपालिका, लालिगुराँस नगरपालिका, आठराई गाउँपालिका, फेदाप गाउँपालिका, मेन्छयायायेम गाउँपालिका र छथर गाउँपालिकामा आफ्नो कार्यक्षेत्र बनाई यस कार्यालयले आफ्नो कार्यहरु सम्पादन गरिरहेको छ ।

## २. स्वास्थ्य कार्यालयका काम कर्तव्य र अधिकार

१. प्रदेश अन्तर्गत स्वास्थ्य निर्देशनालय मातहत कार्यालयको रुपमा रही प्रदेश र स्थानीय तहसँग समन्वय, सहजिकरण,सहयोग एवम् तोकिए बमोजिम प्रदेशको निर्देशन भए अनुसार कार्यान्वय गर्ने ।

२. कार्यक्षेत्र भित्रका जिल्ला तथा स्थानीय स्वास्थ्य संस्थाहरुलाई आवश्यक पर्ने खोप,अत्यावश्यक तथा गुणस्तर एवं संवेदनशील औषधी तथा स्वास्थ्य सामाग्रीहरु भण्डारण तथा वितरणको योजना (मासिक, त्रैमासिक/चौमासिक, अर्धवार्षिक) गरी कार्यान्वयन गर्ने ।

३. जनस्वास्थ्य तथा भेक्टर सर्भिलेन्स र विपद/महामारी व्यवस्थापन,सहजिकरण र समन्वय गर्ने ।

४. जनस्वास्थ्य अभियान सञ्चालन तथा सहयोग,समन्वय र सहजिकरण गर्ने ।

५. स्थानीय सरकार स्वास्थ्य निकायहरु विच समन्वय गर्ने ।

६. एकीकृत स्वास्थ्य सूचना विश्लेषण र अध्ययन गरी सो अनुसार योजना बनाउने एवम् स्थानीय तहमा सहजिकरण तथा पृष्ठपोषण गर्ने ।

७. स्वास्थ्य सेवाको पहुँच,उपयोग वृद्धिगर्न आवश्यक योजना बनाउने, समन्वय तथा सहजिकरण गर्ने ।

८. सरकारी,निजी,सहकारी द्वारा सञ्चालित स्वास्थ्य संस्थाहरु,कर्मचारीहरुको सुपरिवेक्षण,अनुगमन, नियमन तथा गुणस्तर सम्वन्धी कार्य गर्ने ।

९. संस्थागत तथा जनशक्तिको प्राविधिक क्षमता अभिवृद्धि गर्ने ।

१०. प्रादेशिक विशेष स्वास्थ्य एवम् नियमति कार्यक्रमहरु (क्षयरोग तथा कुष्ठरोग नियन्त्रण,परिवार नियोजन,मातृ शिशु स्वास्थ्य,सामाजिक सुरक्षा,बिमा,विशेषज्ञ स्वास्थ्य शिविर लगायत हात्तीपाईले, पोषण, दादुरा खोप, लगायत अन्य विशेष कार्यक्रमहरु) को सञ्चालन ,समन्वय र सहजिकरण गर्ने ।

११. वातावरणीय स्वास्थ्य, खानेपानी, सरसफाई तथा पेशागत स्वास्थ्य प्रवर्द्धन एवम् व्यवस्थापनका कार्य गर्ने।


१२. जनसंख्या व्यवस्थापन सम्वन्धी कार्य गर्ने ।

१३. प्रदेश सरकारबाट तोकिएका कार्यहरु गर्ने ।

१४. बहुक्षेत्रीय समन्वय सहजिकरण सम्वन्धी कार्य गर्ने ।

१५. आन्तरिक प्रशासन(आर्थिक,प्रशासनिक,व्यवस्थापन) सम्वन्धी कार्य गर्ने ।

## ३.दरबन्दी संरचना




## ४. मानव स्रोत व्यवस्थापन

| सि.नं. | स्वीकृत | सेवा/समूह | तह/श्रेणी | कुल दरबन्दी संख्या | हाल कार्यरत संख्या | जम्मा रिक्तसंख्या |
|---|---|---|---|---|---|---|
| १ | जनस्वास्थ्य अधिकृत | प्रदेश स्वास्थ्य/ हे.इ. | सातौं / आठौं | १ | १ | ० |
| २ | हे.अ. वा सो सरह | प्रदेश स्वास्थ्य/ हे.इ. | पाँचौं / छैटौं / सातौं | १ | १ | ० |
| ३ | अधिकृत/ सहायक | प्रदेश प्रशासन/ सा.प्र. | पाँचौं/ छैटौं | १ | ० | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | अधिकृत/ सहायक | प्रदेश प्रशासन/ लेखा | पाँचौं/ छैटौं | १ | ० | १ |
| ५ | अधिकृत/ सहायक | प्रदेश प्रशासन/ विविध | पाँचौं/ छैटौं | १ | १ | ० |
| ६ | प.हे.न. | प्रदेश स्वास्थ्य/ प.हे.न. | पाँचौं/ छैटौं/ सातौं | १ | १ | ० |
| ७ | ल्या.टे. | प्रदेश स्वास्थ्य | पाँचौं/ छैटौं/ सातौं | १ | १ | ० |
| ८ | को.चे.अ. | प्रदेश स्वास्थ्य | चौथो/ पाँचौं/ छैटौं | १ | १ | ० |
| ९ | ह.स.चा. | प्रदेश प्रशासन | प्रथम/दोस्रो/तेस्रो | १ | १ | करार |
| १० | का.स. | प्रदेश प्रशासन | प्रथम/दोस्रो/तेस्रो | २ | २ | करार |
| | जम्मा | | | ११ | ९ | २ |

तालिका १ मानव स्रोत विवरण

**५. स्वास्थ्य कार्यालयबाट चौथो त्रैमासिक अवधिमा सञ्चालन भएका कार्यक्रमहरु**

- कार्यालयको आधिकारिक वेवसाइट https://ho.terhathum.koshi.gov.np निर्माण गरी सञ्चालनमा ल्याइएको
- कर्मचारीको तालिम तथा तथा विवरण अद्यावधिकको लागि healthofficettm.web.app निर्माण गरी सञ्चालनमा ल्याइएको
- कुपोषण कार्यक्रम सञ्चालन गरिएको जसमा जसमा मा भएको प्रतिवेदन अनुसार १५२८ जनाको स्क्रिनिङ्ग गरिएकोमा ८६ जना बच्चाहरुमा कुपोषण देखिएको अन्य कार्यक्रम तथा क्षमता अभिवृद्दिका कार्यक्रमहरु
    - नाक कान घाँटी सम्बन्धि क्षमता अभिवृद्दि कार्यक्रम
    - स्तनपान परामर्श सम्बन्धि परामर्शदातालाई तालिम कार्यक्रम
    - विद्यालय नर्सिङ्ग कार्यक्रमको समीक्षा
    - HPV खोप अभियान जसमा ७३८ जनाले खोप कार्यक्रम प्राप्त गरेका थिए ।

**६. आर्थिक बर्ष २०८२/८३ मा स्वास्थ्य कार्यालय तथा जिल्ला अन्तर्गतका अन्य स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिएको मुख्य मुख्य सेवाको एकिकृत विवरण**

| क्र.सं. | विवरण | चौथो त्रैमासिक | हालसम्मको प्रगति | कैफियत |
|---|---|---|---|---|
| १ | बिसिजि खोप लगाएका बच्चाहरुको संख्या | १३५ | ६५६ | |

| क्र.सं. | विवरण | चौथो त्रैमासिक | हालसम्मको प्रगति | कैफियत |
|---|---|---|---|---|
| २ | पेन्टा तेस्रो खोप लगाएका बच्चाहरुको संख्या | १९४ | ८१४ | |
| ३ | दादुरा रुबेला दोस्रो लगाएका बच्चाहरुको संख्या | २०८ | ८५२ | |
| ४ | IMNCIकार्यक्रम अन्तर्गत सेवा लिएका बच्चाहरुको संख्या २ महिना देखि ५ बर्ष सम्म | १९९६ | ८१९७ | |
| ५ | IMNCIकार्यक्रम अन्तर्गत सेवा लिएका बच्चाहरुको संख्या २ महिना मुनी | ३८ | १९३ | |
| ६ | वृद्दि अनुगमन गरेका बच्चाहरुको संख्या | १८३० | ७३०४ | |
| ७ | पहिलो पटक गर्भजाँच गरेका महिलाहरुको संख्या | २३३ | ९१७ | |
| ८ | ४ पटक गर्भ जाँज गरेका गर्भवती महिलाको संख्या | १४३ | ५४१ | |
| ९ | ८ पटक गर्भजाँच गरेका गर्भवती महिलाको संख्या | १०८ | ४१५ | |
| १० | स्वास्थ्य संस्थामा भएको प्रसुतीको संख्या | ८४ | ४०५ | |
| ११ | क्षयरोगका बिरामी संख्या | ५ | ३७ | |

६.भौतिक तथा वित्तीय प्रगति विवरण

| क्र.सं. | बार्षिक बजेट(रु.मा) | | | वित्तीय प्रगति(रु.मा) | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | पुंजीगत | चालु | जम्मा | पुंजिगत | चालु | जम्मा | खर्च प्रतिशत |
| १ | ० | ३६९९२.९ | ३६९९२.९ | ० | २६०८१.० | २६०८१.० | ७०.५ |

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय, तेह्रथुम
कोशी प्रदेश, नेपाल

कार्यालयको नागरिक बडापत्र

कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# स्वास्थ्य कार्यालय, तेह्रथुम

म्याङ्लुङ, तेह्रथुम

## नागरिक वडा पत्र

*सुशासन (व्यवस्थापन तथा सन्चालन) ऐन २०६४ को दफा २५ सँग सम्बन्धीत*

| क्र. सं. | सेवाका प्रकार | प्रकिया | सेवा प्राप्त गर्न लाग्ने शुल्क/दस्तुर | समय | जिम्मवार शाखा/कोठा नं. |
|---|---|---|---|---|---|
| १ | खोप वितरण | सूक्ष्म योजनाका आधारमा तोकिएको समयतालिका अनुसार स्थानीय तह बाट मागफारम पठाउने | नि:शुल्क | निरन्तर | खोप कोल्डचैन सम्पर्क व्यक्ती (कोठा नं. ५) |
| २ | नीजि स्वास्थ्य संस्था (पोलिक्लिनिक, विशेषज्ञ क्लिनिक, दन्त क्लिनिक) दर्ता, २५ बेड सम्मको अस्पतालको दर्ता सिफारिस तथा २५ बेड सम्मको अस्पताल नविकरण | सञ्चालकको निवेदन सहितको आवश्यक कागजात प्राप्त भएपछि स्थलगत अनुगमन प्रतिवेदनका आधारमा समितिको निर्णय पछि (सम्बन्धित स्वास्थ्य संस्थाहरुले म्याद सकिने ३ महिना अघि निवेदन सक्ने) | क्लिनिकको हकमा दर्ता गर्दा प्रति सेवा रु. १० हजार र नविकरण १ हजार, अस्पतालको हकमा सञ्चालन अनुमती नविकरण गर्दा प्रति शैया ५०० | निवेदन प्राप्त भएको ३ महिना भित्र | निजि तथा गैरसरकारी स्वास्थ्य संस्था हेर्ने सम्पर्क व्यक्ती, (कोठा नं. ८) |
| ३ | क्षयरोग, कुष्ठरोग, मलेरिया, कालाजार, डेंगी, स्क्रबटाइफस नमुना परिक्षण तथा भेरिफिकेशन | बिरामी पुर्जा सहित स्वास्थ्य संस्थाको सिफारिस | नि:शुल्क | तुरुन्त (सोही दिन कार्यालय समय भित्र) | प्रयोगशालाकर्मी (कोठा नं. १४) |
| ४ | खानेपानीको गुणस्तर जाँच (नमुना परिक्षण) र निगरानी | खानेपानी सेवा प्रदायको निवेदन वा सेवाग्राहीको मौखिक अनुरोधको आधारमा | नि:शुल्क | जाँचको प्रतिवेदन ७२ घण्टामा र निगरानी निरन्तर | प्रयोगशालाकर्मी (कोठा नं. १४) |
| ५ | एम्बुलेन्स खरिद गर्दा राजश्व छुट र सेवा सञ्चालनका लागि सिफारिस, सेवा सञ्चालन अनुमती नविकरण, अनुगमन र निरिक्षण | सम्बन्धित स्वास्थ्य संस्थाहरुले म्याद सकिन ३० दिन अघि एम्बुलेन्स सेवा निर्देशिकाले तोके बमोजिम निवेदन दिनु पर्ने र जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिको बैठक बसि निर्णय हुने | नि:शुल्क | निवेदन प्राप्त भएको १ महिना भित्र | एम्बुलेन्स सेवा व्यवस्थापन सम्पर्क व्यक्ती, (कोठा नं.८) |
| ६ | जनस्वास्थ्य तथा भेक्टर सर्भिलेन्स र विपद/महामारी व्यवस्थापन | स्थानिय द्रुत प्रतिकिया टोलीले जानकारी गराए पश्चात आवश्यकतानुसार रोकथाम तथा नियन्त्रण गर्न सहयोग गरिने | नि:शुल्क | तुरुन्त | महामारी/रोग नियन्त्रण तथा विपद व्यवस्थापन सम्पर्क व्यक्ती र प्रोगशालाकर्मी, (कोठा नं.८/१४) |
| ७ | परिवार योजना सेवा (स्थायी बन्ध्याकरण) सम्बन्धि शिविर सञ्चालन | सेवाग्राहीले स्थायी बन्ध्याकरण शिविरमा उपस्थित भई नाम दर्ता गराउनु पर्नेछ | नि:शुल्क | सोहि दिन | परिवार योजना कार्यक्रम सम्पर्क व्यक्ती, (कोठा नं.९) |
| ८ | समुदाय केन्द्रित स्वास्थ्य प्रवर्धन तथा जनस्वास्थ्य कार्यक्रमका राष्ट्रिय अभियान सञ्चालन तथा सहजीकरण | कार्य सञ्चालन निर्देशिकामा तोकिए बमोजिम | नि:शुल्क | तोकिएको अवधि भित्र | कार्यक्रमगत सम्पर्क व्यक्ती, (कोठा नं.५) |
| ९ | औषधी लगायत स्वास्थ्य सामग्रीहरुको भण्डारण तथा वितरण | स्थानीय तहको मागफारम अनुसार वितरण गरिने | नि:शुल्क | तुरुन्तै | भण्डारण व्यवस्थापन गर्ने सम्पर्क व्यक्ती, (कोठा नं.३) |
| १० | स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार | जनस्वास्थ्य समस्या रोकथाम तथा स्वास्थ्य प्रवर्धन सम्बन्धी सामग्रीहरु प्रकाशन, प्रसारण तथा अभियान सञ्चालन | नि:शुल्क | निरन्तर | सूचना तथा सञ्चार सम्पर्क व्यक्ती, (कोठा नं.५) |
| ११ | स्वास्थ्य सम्बन्धी तथ्याङ्क प्रवाह | निवेदन सहित माग गर्ने | नि:शुल्क | निरन्तर | तथ्याङ्क सहायक / अधिकृत (कोठा नं. ७) |

__सम्पर्क विवरण__ : website: https://ho.terhathum.koshi.gov.np/ , dhothm@gmail.com , ०२६ - ४६०१९०

__स्वास्थ्य कार्यालय__ :
कार्यालय प्रमुख : श्री विनय ज्ञवाली (९८५२०६०१९०)
गुनासो सुन्ने अधिकारी : श्री फणिन्द्र थापा (९८४२०३१४००)
सुचना अधिकारी : श्री तोयानाथ दहाल (९८५२०१०००७)

__तालुकदार निकायहरु__ :
स्वास्थ्य निर्देशनालय, धनकुटा : hdplanning.p1@gmail.com ,०२६-५२२५०८
स्वास्थ्य मन्त्रालय, बिराटनगर : info.moh@p1.gov.np , ०२१-५९०६७२

सुचना अधिकारी
तोयानाथ दाहाल
तथ्याङ्क अधिकृत
९८५२०१०००७

गुनासो सुन्ने अधिकारी
फणिन्द्र थापा
खोप सुपरभाइजर निरीक्षक
९८४२०३१४००

कार्यालय प्रमुख
विनय ज्ञवाली
कार्यालय प्रमुख
९८५२०६०१९०

कार्यालय प्रमुख
स्वास्थ्य कार्यालय, तेह्रथुम